सङ्घीय संसद्

प्रतिनिधि सभा, २०८२

दोस्रो अधिवेशन

बैठक सङ्ख्या- ५८

सूचनापत्र - २

(बैठकको कारबाहीको संक्षिप्त विवरण)

२०८३ साल असोज ०६ गते मङ्गलबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख डोल प्रसाद अर्यालको अध्यक्षतामा दिनको १:१० बजे प्रारम्भ भयो।

बैठकको प्रारम्भमा आकस्मिक समय लिएर निम्नलिखित माननीय सदस्यहरूले ट्राफिक प्रहरी नेपाल सरकारअन्तर्गत हो कि होइन भनी प्रश्न गर्दै त्रिपुरेश्वरको घटनाले राज्य र सरकारप्रति नागरिकहरूमा निराशापन देखिएको, सवारी तथा यातायात व्यवस्था ऐनको दफा १७१ व्यवहारिक नभएको भन्दै ट्राफिक कारवाही अनलाइन प्रणालीमार्फत गर्नुपर्ने, त्रिपुरेश्वरमा बसभित्र चालक अर्जुन दोङको आत्मदाहले राज्यको सुरक्षा संयन्त्र र यातायात व्यवसायीमाथि प्रश्न उठेको बताउँदै प्रहरीको पोलिसिङ शैली र चालकहरूको मनोसामाजिक स्वास्थ्य तत्काल सम्बोधन गर्नुपर्ने, न्यून तलब, अपमानजनक व्यवहार, कामको घण्टा र मानसिक स्वास्थ्य बेवास्ता गर्दा यस्ता घटना दोहोरिन सक्नेतर्फ ध्यानाकर्षण, सल्यानको दार्मा गाउँपालिकामा एक महिनामा स्क्रब टाइफस रोगका कारण अस्पतालमा उपचाररत ७ जनाको निधन भएको, दुई महिनाभित्र दार्मा र बागचौरमा ३३५ जनाको परीक्षण गर्दा ११६ जनामा स्क्रब टाइफस पुष्टि भएकाले सरकारले सो को नियन्त्रणका लागि आवश्यक पहल गर्नुपर्ने, गैरआवासीय नेपालीको सन्दर्भमा विधेयक बन्दै गरेको जानकारीमा रहेको भए तापनि सरकार बनेको ६ महिना बितिसक्दा पनि सो विधेयक नआएकोतर्फ सरकारको ध्यानाकर्षण, युवा पुस्तामा बढ्दै गएको निराशाले गर्दा देशभर आत्मदाहका घटना बढेकाले बेलैमा सरकारले मानसिक स्वास्थ्यसम्बन्धी गतिविधिहरू सञ्चालन गर्नुपर्ने, देशभर गम्भीर रूपमा फैलिरहेको डेङ्गु रोगका कारण धेरै जनाको मृत्यु भएको र ठूलो सङ्ख्यामा संक्रमण बढिरहेको हुँदा महामारी हुनुपूर्व नै सरकारले ध्यान दिनुपर्ने लगायतका समसामयिक विषयमा आआफ्नो भनाइ राख्दै सरकारको ध्यानाकर्षण गराउनुभयोः-

१. मा० युवराज दुलाल
२. मा० क्रान्तिशिखा धिताल
३. मा० आसिका तामाङ
४. मा० रमेश कुमार मल्ल
५. मा० सोम शर्मा
६. मा० बलावती शर्मा
७. मा० आरेन राई
८. मा० कुल भक्त शाक्य
९. मा० आशिष गजुरेल

त्यसपछि प्रारम्भ भएको शून्य समयमा निम्नलिखित माननीय सदस्यहरूले समसामयिक विषयहरूमा आआफ्नो भनाइ राख्नुभयोः-

१. मा० जगत प्रसाद जोशी
२. मा० जनक सिंह धामी
३. मा० झवि लाल डुम्रे
४. मा० टीका संग्रौला
५. मा० टुका भद्रा हमाल
६. मा० ठाकुर सिंह थारु
७. मा० तारा विश्वकर्मा
८. मा० ताहिर अली भाट
९. मा० तौफिक अहमद खान
१०. मा० दिपक राज बोहरा
११. मा० धनेन्द्र कार्की
१२. मा० धर्म राज के.सी
१३. मा० नितिमा भण्डारी (कार्की)
१४. मा० निराशा चौधरी डगौरा
१५. मा० निशा डाँगी
१६. मा० नीता घतानी
१७. मा० नीनु कुमारी कर्ण
१८. मा० परशुराम तामाङ्ग
१९. मा० पार्वती वि क
२०. मा० पुकार बम
२१. मा० पुष्पा कुमारी चौधरी
२२. मा० पूनम कुमारी अग्रवाल

२३. मा० पूर्ण प्रसाद लिम्बु
२४. मा० प्रकाश गौतम
२५. मा० प्रकाश चन्द्र परियार
२६. मा० प्रकाश पाठक
२७. मा० प्रदिप विष्ट
२८. मा० प्रभा कार्की
२९. मा० प्रमिला कुलूजु
३०. मा० प्रमोद कुमार महतो
३१. मा० प्रशान्त उप्रेती
३२. मा० प्रेम बहादुर बयक
३३. मा० प्रेम लाल चौधरी
३४. मा० बदन कुमार भण्डारी
३५. मा० बब्लु गुप्ता

तदुपरान्त प्रारम्भ भएको विशेष समयमा निम्नलिखित माननीय सदस्यहरूले समसामयिक विषयहरूमा आआफ्नो भनाइ राख्नुभयोः-

१. मा० रचना खतिवडा खत्री
२. मा० सीता थपलिया
३. मा० राजेन्द्र कुमार राई
४. मा० भिम कुमारी बुढा मगर
५. मा० ध्रुवराज राई
६. मा० ज्ञान बहादुर शाही
७. मा० यज्ञमणि न्यौपाने
८. मा० मदन कृष्ण श्रेष्ठ
९. मा० साजिदा खातुन सिद्धिकी
१०. मा० निराशा चौधरी डगौरा
११. मा० रीमा विश्वकर्मा
१२. मा० सुशीला ढकाल आचार्य
१३. मा० श्रद्धा कुँवर क्षेत्री
१४. मा० समीक्षा बास्कोटा
१५. मा० कृपा महर्जन
१६. मा० बिना गुरुङ
१७. मा० ओजश्वी शेरचन
१८. मा० सुजाता तामाङ
१९. मा० मन्जु भुषाल
२०. मा० सुष्मा स्वर्णकार
२१. मा० ज्ञानेन्द्र सिंह महता
२२. मा० सुशील खड्का

यसैबीच माननीय यज्ञमणि न्यौपानेले बोली सकेपछि मा० गुरू प्रसाद बरालले नियमापत्ति गर्नुहुँदै संसद्बाट न्यायालयमाथि हस्तक्षेप गर्ने खालको धारणा राख्न नहुने र न्यायालयको काममाथि प्रश्न उठाउन नपाइने भन्दै उक्त शब्दहरू संसदीय अभिलेखबाट हटाउन माग गर्नुभयो। त्यसैगरी मा० यज्ञमणि न्यौपानेले नियमापत्ति गर्नुहुँदै संविधानको धारा १०५ मा अदालतमा विचाराधिन विषय र अदालतबाट हुने न्याय सम्पादनको विषय प्रश्न उठ्दैन तर न्यायालय पुनः संरचनाको विषय संसद्को बहसको विषय हुनुपर्ने, जेन्जी विद्रोहका मुद्दा न्यायपालिकाले शीघ्र किनारा लगाउनुपर्छ भन्नु न्यायालयमाथि हस्तक्षेप नहुने भन्नुभयो।

तत्पश्चात् प्रतिनिधि सभाका सचिव प्रकाश अधिकारीले "राष्ट्रिय सभामा उत्पत्ति भएको सङ्क्रामक पशु रोग (नियन्त्रण) विधेयक, २०८३" का सम्बन्धमा राष्ट्रिय सभाबाट प्राप्त सन्देश टेबुल गर्नुभयो।

त्यसपछि माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री सोबिता गौतमले "संयुक्त राष्ट्र सङ्घीय सामुद्रिक कानुनसम्बन्धी महासन्धि अन्तर्गतको राष्ट्रिय क्षेत्राधिकारभन्दा बाहिरका क्षेत्रका सामुद्रिक जैविक विविधताको संरक्षण र दिगो प्रयोगसम्बन्धी सम्झौतामाथि सदनमा छलफल गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भयो।

तदुपरान्त उक्त सम्झौतामाथिको दफावार छलफलमा निम्नलिखित माननीय सदस्यहरूले उठाउनुभएका प्रश्नहरूको माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री सोबिता गौतमले जवाफ दिनुभयोः-

१. मा० परशुराम तामाङ
२. मा० आनन्द बहादुर चन्द
३. मा० सरस्वती लामा
४. मा० राधिका रम्तेल
५. मा० मोहन लाल आचार्य
६. मा० बलावती शर्मा
७. मा० गुरु प्रसाद बराल
८. मा० भरत गिरी

तत्पश्चात् माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री सोबिता गौतमले "संयुक्त राष्ट्र सङ्घीय सामुद्रिक कानुनसम्बन्धी महासन्धि अन्तर्गतको राष्ट्रिय क्षेत्राधिकारभन्दा बाहिरका क्षेत्रका सामुद्रिक जैविक विविधताको संरक्षण र

दिगो प्रयोगसम्बन्धी सम्झौता अनुमोदन गरियोस्" भनी भनी राखुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भयो।

त्यसपछि सम्माननीय सभामुखले हरेक दिनको सभाको बैठकलाई मर्यादित र उत्कृष्ट बनाउने हामी सबैको कर्तव्य र दायित्व भएकाले सबै माननीय सदस्यहरूको पहलबाटै प्रतिनिधि सभा नियमावली, २०८३ कार्यान्वयनमा रहेको तथा सभा सञ्चालन गरिरहेको भन्नुहुँदै प्रतिनिधि सभा नियमावलीको नियम २० खण्ड (ट) र नियम २१ तर्फ माननीय सदस्यहरूको ध्यानाकर्षण गराउनुभयो।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८३ असोज ७ गते बुधबार बिहान ११:०० बजे बस्ने गरी दिनको ४:३५ बजे स्थगित भयो।

पद्म प्रसाद पाण्डेय
महासचिव